Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

पानीको सही सदुपयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवाना बाट वचौं ।

नेपाल खानेपानी संस्थान शाखा कार्यालय देवकोटा चौक विराटनगर

❑ वर्ष ८ ❑ अंक ३८ २०७७ बैशाख १४ गते आईतवार Sunday 26, APR, 2020 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

# प्रदेश नं. १ मा २८ कोरोना संक्रमित
# सबै संक्रमित (कोभिड–१९) उपचार केन्द्रमा

विराटनगर। कोरोना भाइरसको कहरले विश्व नै संत्रासमा रहेको वेला नेपालमा पनि दनानुदिन कोरोना संक्रमितको संख्या वढ्दै गई रहेको छ।

नोपल भरीमा जम्मा कोरोना भइरस संक्रमितको संख्या ४९ रहेको मध्ये प्रदेश नं. १ मा मात्रै २९ जना कोरोना संक्रमित रहेका छन् । ती सवै कोरोना संक्रमितहरुलाई प्रदेश नं. १ को राजधानी विराटनगरको कोशी अस्पताल कोभिड-१९ उपचार केन्द्रमा राखिएको छ ।



कोरोना संक्रमित २९ जनालाई यही अस्पतालमा राखिएको छ।

कोरोना उपचार केन्द्रमा खटिने पाँच डाक्टरसहित २६ जनाको टिममा रहेको छ। कोशी अस्पतालका फिजिसियन दीपक सिग्देलको नेतृत्वमा नर्सिङ स्टाफ, पारामेडिक्स र प्राविधिक टोली खटिएको छ। डा. सिग्देलको टिममा डा. भुपेशमान राजभण्डारी, डा. हरि खनाल, डा. त्रिनेत्र कर्ण र डा. प्रमोद साह रहेको छ।

उपचारमा खटिने डाक्टरसहित २६ जनाको टिमलाई एक हप्तामा अर्को टिमले पालो दिन्छ। पालो पाएको टिमलाई २१ दिन क्वारेन्टाइनमा राखेर कोरोना संक्रमण भए र नभएको परीक्षण गरिन्छ। नतिजा नेगेटिभ आए फेरि ड्युटीमा फर्कन्छन् ।

त्यसै गरी प्रदेश नं. १ ले हाल सम्म ५ हजार दुई सय १२ जनाको पीसीआर र आरडिटी प्रविधीवाट परिक्षण गरि सकेका छ।

जसमध्ये पीसियार विधीवाट हाल सम्म ९ सय १४ जनाको परीक्षण गरिएको छ। २ सय ४५ महिला र ६ सय ६९ जना पुरुषको कोरोना परीक्षण गरिएको छ। परीक्षण गरिएका मध्ये २ महिला र २८ पुरुष सहित ३० जनाको रिपोर्ट पोजेटिभ आएको छ। १ सय १० महिला र ५ सय ८९ पुरुष सहित ६ सय ९९ जनाको रिपोर्ट नेगेटिभ रहेका छ।

त्यसैगरी आरडिटी परिक्षणका लागि ७ सय ७ महिला र ३ हजार

वांकी अन्तिम पेजमा...

# अस्पताललाई पिपिइ हस्तान्तरण

विराटनगर। कोशी अस्पताल लाई आवाशीय नेपाल संघ राष्ट्रिय समन्वय परिषदले अस्पतालकी मेडिकल सुपरिटेन्डेन डा.संगीता मिश्रालाई कोरोना भाइरसको उपचार गर्ने स्वास्थ्य कर्मीहरुले लगाउने पिपिइ हस्तान्तरण गरिएको छ।

नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा.शेखर कोइरालाको प्रमुख आतिथ्यमा कोशी अस्पताललाई करिब ६० हजार रुपैयाँ बराबरको २० थान पिपिइकासेट हस्तान्तरण गरिएको परिषदका महासचिव निश्चल दाहालले जानकारी गराएका थिए।

कोरोना भाइरसको संक्रमणबाट स्वास्थ्य कर्मीहरुलाई सुरक्षित रहनका लागि कोशी अस्पताललाई पिपिइ सामग्री उपलब्ध गराएकोमा परिषदलाई अस्पतालकी मेसु डा. मिश्राले धन्यवाद दिएका थिए।

अस्पतालमा कामगर्ने स्वास्थ्य

वांकी अन्तिम पेजमा...

# कार्यक्रमहरु वारे परिपत्र

विराटनगर। प्रदेश १ सरकारले चालु बर्षमा कोरोना संक्रमण रोकथामकालागि भैरहेको लकडाउनले गर्दा सञ्चालन हुननसक्ने कार्यक्रमहरुबारे जानकारी गराउन सबै मन्त्रालयहरुलाई परिपत्र गरेको छ।

कोरोना भाइरस संक्रमण रोकथामकालागि भैरहेको लकडाउन र त्यसको अघि र पछिको जोखिमले गर्दा सञ्चालन हुननसक्ने चालु बर्षको कार्यक्रमहरुबारे जानकारी गराउन प्रदेश १ सरकारको अर्थ मामिला तथा योजना मन्त्रालयले सबैलाई परिपत्र गरेको छ।

बैसाख १५ भित्र सबै मन्त्रालयहरुले मातहतका कार्यालयहरुबाट चालु बर्षमा खर्च गर्न नसकिने र गर्दा पनि उपलब्धि नहुने कार्यक्रमहरुबारे अर्थ मन्त्रालयलाई

वांकी अन्तिम पेजमा...

# कोरोना संक्रमणले दुईलाख भन्दा बढीको मृत्यु

विराटनगर। विश्व महामारीको रुपमा फैलिरहेको कोरोना भाइरसका कारण २ लाख बढीको मृत्यु भएको छ। शनिवार सम्म २ लाख ३ हजार ४२ जनाको मृत्यु भई सकेको छ।

त्यसैगरी २ सय १० देशमा फैलिएको कोरोना भाईरसका कारण २९ लाख १५ हजार ६ सय संक्रमित भएका छन्। ८ लाख ३४ हजार ४ सय १४ निको भएर घर फर्कीएका छन्। कोरोनाका कारण सबैभन्दा बढी आक्रान्त बनेको अमेरिकामा ९ लाख ५७ हजार ५ सय ५ जना संक्रमित हुँदा ५४ हजार १ सय ६० जनाको मृत्यु भएको छ।

कोरोना संक्रमणवाट उपचार गरी १ लाख १६ हजार २ सय १ जना निको भएको छ। स्पेनमा २ लाख २३ हजार ७ सय ५९ जना संक्रमित हुँदा २२ हजार ९ सय २ जनाको मृत्यु भएको छ भने ९५ हजार ७ सय ८ जना उपचारपछि घर फर्कीएका छन्।

त्यसैगरी इटालीमा संक्रमितको संख्या १ लाख ९५ हजार ३ सय ५१ पुग्दा मृतकका संख्या २५ हजार ९ सय ६९ पुगेको छ। फ्रान्समा १

वांकी अन्तिम पेजमा...

# कानेपोखरीका कोरोना प्रभावितलाई राहत वितरण

विराटनगर। मोरङको कानेपोखरी गाउँपालिकामा नेपाली काँग्रेसले कोराना प्रभावितहरुलाई राहत वितरण गर्न थालेको छ। गाउँपालिकाले राहत ग्रहण र वितरणमा मनोमानी गरेकाले कोरोना प्रभावित अति बिपन्न र ज्यालादारी मजदुरहरुलाई पार्टीको तर्फबाट राहत वितरण थालिएको कानेपोखरी काँग्रेसले जनाएको छ।

पहिलो दिन कानेपोखरी ७ पच्चिसबिगे, प्रोगेसिभ टोल, शुक्रबारे, चण्डी टोल र आइतबारेका १ सय ५० परिवारलाई राहत प्रदान गरिएको कानेपोखरीका काँग्रेस सभापति योगेन्द्र दाहालले जानकारी दिए। उनका अनुसार वाँकी वडामा क्रमस : प्रदान गरिनेछ। कोरोना प्रभावितहरुलाई प्रति परिवार १५ किलो चामल, १ किलो दाल, १ किलो नुन, आधा लिटर तेल र एउटा सावुन प्रदान गरिएको छ। काँग्रेस नेता लोकप्रसाद संग्रौला, शेखरचन्द्र थापा, बसन्त भट्टराई, डा. सुनिल शर्मा, मोदराज घिमिरे, मानबहादुर लिम्ब', योगेन्द्र दाहाल लगायतले राहत वितरण गरेका थिए।राहत वितरण कार्यक्रमलाई संबोधन गर्दै प्रदेश सांसदसमेत रहेका नेता संग्रौलाले डा.सुनिल शर्माले प्रदान गर्न लागेको राहत रकम कानेपोखरी गाउँपालिकाले राजनीतिक पूर्वाग्रही हिसावले अस्वीकार गरेकाले पार्टीको तर्फबाट गरिब, बिपन्नलाई राहत बाढ्नु परेको बताए।

यसैवीच नेपाली कांग्रेसका महासमिति सदस्य डा.सुनिल शर्माले

वांकी अन्तिम पेजमा...

# कोरोना भाइरस र मानव जातिको बन्दी जीवन

**श्याम सुन्दर सतिहार**

विराटनगर। विश्वको २ सय १० मुलुकमा फैलिसकेको कोरोना (कोभिड-१९) भाइरसले सम्पूर्ण मानव जातिलाई नै बन्दी जीवन विताउंन वाध्य पारेको छ।

साधुमहात्मले भनिन्छ कि इश्वरीय शक्तिको अगाडी कसैको केही चल्दैन त्यो भनाई अहिले सार्थक भए जस्तो लाग्छ। भौतिक सुखकोलागि मानव जातिले आफुलाई अति व्यस्त वनाई सकेको थियो कि आफ्नो र पराई कही नसम्झी धन मात्र कमाउने होडवाजी चलि रहेको थियो।

देश-देश विच, समाज-समाज विच, व्यक्ति-व्यक्ति विच, परिवार-परिवार विच भौतिक सुविधाको लागि द्वन्द्धका लागि शक्ति संचयको लागि होडवाजी चालिरहेको अवस्थामा शक्ति संचयको लागि विभिन्न देशले आफ्नो प्रभुत्व विश्वमा जमाउन परमाणुवम, आधुनिक हाथहथियार बनाउन व्यस्त भई रहेको विश्वलाई केही महिना भित्रै सवैलाई बन्दी वनाई सकेको छ।

कोरोनाको बन्दीवाट बच्च विश्वका करीब सवै राष्ट्रहरु लागि रहेका छन् तर पनि त्यसको निचोड निष्केका छैन। जसले गर्दा अहिले विश्वका प्रय: मुलुकहरुको सरकारले आ-आफ्नो देशमा लकडाउन घोषणा गरी आम जनतालाई घरवाट बाहिर निष्कन दिई रहेको छैन।

केही महिना अगाडी मानव जातिलाई कसैसंग भेटघाट गर्न, घरमा बस्न, रामायाण, महाभारत, कुरान जस्ता धार्मिक ग्रन्थ बढ्न फुर्सद थिएनन् तर अहिले मानव जाति घरमै बन्दी जीवन विताउदै परिवारका साथ घरमै बसी रहेको छ।

कोरोना भाइरसले मानव जातिको जीवनलाई तहसनह पार्न लागि परेको छ। दिनहूं हजारौ मानिसको मृत्यु भई रहेको छ। हजारौको संख्यामा कोरोनाको संक्रमण वढ्दै गई रहेको छ। कोरोना भाइरसवाट एक मात्र उपाय सामाजिक दुरी कायम गर्दै घरमा बस्नुको विकल्प छैन। कोरोनाको महामारीले करीव करीव विश्वमा आर्थिक संकट हुने भएको छ।

कोरोनाको भाइरसको कहर भन्दा पनि अव भोकको कहरले विश्वलाई ध्वस्त पार्ने भएको छ। विश्वकै आफुलाई शक्तिशालि भनिएको अमेरीका अहिले कोराना भाइरसको अगाडी घुठना टेकि सकेको छ। विश्वा आफूलाई शक्ति शालि बनाउनको लागि चाईनाले कोरोनाको खेल शुरुवात गरेको समेत आकलन गर्ने गरेका छन्।

आफ्नो प्रभुत्व विश्वमा कायम गर्ने खेलको शुरुवात पनि चीनवाट नै भएको तर चीन केही हद सम्म कोरोनालाई नियन्त्रणमा लिईसकेको छ भने विश्व अहिले आतकित भएको छ।

कोरोना भइरसवाट बच्नका लागि सामाजिक दुरी कायम गर्दै अनेकतामा एकता धैर्यता, संयमता, आत्म निर्भता, सहयोगी भावना, प्रकृति प्रति विश्वास, इश्वरीय शक्तिको विश्वास गर्न आवश्यकता रहेको छ।

SUKRATARA FURNITURE UDYOG
BIRATNAGAR
9842033365
9805391277



All types of Fabrication, Furniture, Prefab, Truss are available.
Email Id: chattdev007@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## प्रदेश १...

५ सय ९१ गरि ४ हजार २ सय ९८ जनाको स्वाव पटाएकोमा ५ पुरुष ५ महिला गरी १० जनामा पोजिटिभ देखिएको छ । ७०२ जना महिला र ३ हजार ५ सय ८६ को नेगेटिभ रिपोर्ट आएको छ ।

प्रदेश १ मा शनिवार सम्म ४ हजार ९ सय ७२ वेडको क्वारेन्टाईन निर्माण गरिएको छ । क्वारेन्टाईनमा १ सय २९ महिला र १ हजार ७५ पुरुष गरि १ हजार २ सय ४ जना वसेको बसी रहेको छ ।

त्यसैगरी २ महिला र २९ पुरुष गरि ३१ जना आईसोलेसनमा बसेका छन् । प्रदेश १ मा होम क्वारेन्टाईनमा वस्नेको संख्या ५ हजार ७ सय १५ पुगेको छ । होमक्वारेन्टाईनमा १ हजार ३ महिला र ४ हजार ७ सय १२ जना पुरुष रहेको छ ।

## कोरोना...

लाख ५९ हजार ८ सय २८ जना संक्रमित छन् भने २६ हजार ३ सय ८४ जनाको मृत्यु भएको छ भने ६३ हजार १ सय २० जना निको भएका छन् ।

कोरानाकै कारण जर्मनीमा १ लाख ५६ हजार ४ सय १८ जना संक्रमित भएका छन् । मृतकको संख्या ५ हजार ८ सय ७३ पुगेको छ ।१ लाख ९ हजार ८ सय निको भएको छ । बेलायतमा १ लाख ४८ हजार ३ सय ७७ जना संक्रमित हुँदा २० हजार ३ सय १९ जनाको मृत्यु भएको छ ।

भारतमा २६ हजार २ सय ८३ जना संक्रमित हुंदा ८ सय २५ जनाको मृत्यु भएको छ । ५ हजार ९ सय ३९ जना निको भएका छन् । त्यसैगरी पाकिस्तानमा संक्रमितको संख्या १२ हजार ६ सय ४४ पुग्दा २ सय ६८ जनाको मृत्यु भएको छ ।

त्यसैगरी नेपालमा ४९ जनामा कोरोना संक्रमण फेला परेकोमा १२ निको भई घर फर्कि सकेका छन् भने ८७ जना आइसोलेशनमा रहेको छ ।

## अस्पताललाई...

कर्मीहरुलाई कोरोनाभाइरसका बिरामीलाई उपचारमा सहज हुने डा. मिश्राले बताउनुभयो । परिषदले भरतपुर क्वाइरेन्टाइन अस्पतालमा २५ थान, नेपाल गञ्ज टिचिङ अस्पतालमा २५ थान, सेति अञ्चल अस्पताल धनगढीमा, २५ थान, चितवन कोरोना अस्पतालमा २५ थान, घोपा क्याम्प धरानमा २२ थान र मेची अस्पतालमा २० थान पिपिइको सामग्री उपलब्ध गराइसकेको महासचिव दाहालको भनाई छ ।

कोशी अस्पतालमा स्वास्थ्य कर्मीहरुलाई चाहिने आवशयक पर्ने स्वास्थ्य सामग्री उपल्बध गराउने परिषदका सचिव एम डी बोहराले प्रतिवद्धता व्यक्त गर्नुभएको थियो ।

## कानेपोखरी...

कानेपोखरीका कोरोना प्रभावित गरिब, बिपन्न र ज्यालादारी मजदुरलाई राहत वितरण गर्न कानेपोखरी काँग्रेसलाई सात लाख प्रदान गरेको छ । योसँगै डा.शर्मालेमोरङको क्षेत्र नं. ३ का बासिन्दाका लागि प्रदान गरेको राहत रकम ३७ लाख ३६ हजार पुगेको छ । यो रकम प्रदेश नं. १ मा हालसम्म एकै व्यक्ति वा सस्थाले प्रदान गरेको मध्ये सर्वाधिक ठूलो सहयोग राशि रहेको छ ।

## कार्यक्रम...

जानकारी गराइसक्ने छन । सबै मन्त्रालयबाट चालु बर्षमा गर्न नसकिने र नगरि नहुने खर्चको बिवरण आएसकेपछि प्रदेश १ सरकारले के कति बजेट गर्ने र नगर्ने भन्नेबारे निर्णय गर्नेछ ।

प्रदेश १ का अर्थमामिला तथा योजना मन्त्री ईन्द्रबहादरु आङबोका अनुसार चालु बर्षको दोस्रो चौमासिक र आगामी कार्यक्रमको खर्चबारे बुधबारदेखी मुख्यमन्त्री तथा मन्त्रि परिषदको कार्यालयमा समिक्षा सुरु भएको छ ।

## निःशुल्क एम्बुलेन्स सेवा

विराटनगर । नेपाली काँग्रेसका नेता डा.सुनिल शर्मालेे मोरङको क्षेत्र नं.३ का गरिब, बिपन्न सर्वसाधरण लाई निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँने भएका छन् । नेता शर्माले सो क्षेत्रका बेलबारी, पथरीशनिश्चरे, कानेपोखरी र सुन्दरहरैंचाका बिपन्न बिरामी हरुलाई निःशुल्क एम्बुलेन्स को व्यवस्था मिलाउँने भएका छन् ।

आफ्नो गाउँ र आफुले चुनावमा प्रतिस्पर्धा गरेको क्षेत्रका गरिब, बिपन्नहरुलाई २४ सै घण्टा निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउँन लागिएको डा.शर्माले जानकारी दिए । 'पैसा नहुँने गरिब, बिपन्न र सुकुम्बासीहरुलाई सहज होस् भनेर निःशुल्क एम्बुलेन्सको व्यवस्था मिलाइएको हो ।' डा.शर्माले भने 'स्थानीय प्रतिनिधिहरुको सिफासिरमा बिपन्नलाई निःशुल्क सेवा दिन्छौ ।'

बिपन्न बाहेक नोबेल अस्पतालमा उपचारका लागि आउँने सो क्षेत्रका अन्य बिरामीहरुले पनि एम्बुलेन्समा तोकिएको शुल्कमा ५० प्रतिसत छुट पाउँनेछन् । क्षेत्र नं.२ मा पर्ने रतुवामाई नगरबासीलाई पनि सेवा उपलब्ध गराईने छ । काँग्रेस महासमिति सदस्यसमेत रहेका नेता शर्माले गाउँ-गाउँमा २४ सै घण्टा एम्बुलेन्स सेवा उपलब्ध गराउँने भएपछि सो क्षेत्रका बिरामीहरुलाई सहजता मिल्ने भएको छ ।

# कृषिकबाट उत्पादित तरकारी खेतमै सुकेर नष्ट

पदम कुमार सरदार

विराटनगर । लडडाउनका कारण उत्पादित तरकारी बजारसम्म पुऱ्याउन नपाउँदा खेतमै सुकेर नष्ट हुन थालको छ । महँगो ब्याजमा ऋण लिएर उत्पादन गरेको तरकारी बोटमै सुक्न थालेपछि मोरङको कटहरी गाउँपालिका वडा नं. ४ नयाँबजारका किसानहरु चिन्तित भएका छन्

सरकारले चैत ११ गते देखि आह्वान गरेको लकडाउन एक महिना पूरा भएको छ । कृषकले उत्पादन गरेको तरकारीमा पर्नेप्रभावलाई ख्याले नगरी लकडाउन गर्दा किसानले उत्पादन गरेको तरकारी बोटमै सुक्न र कुहिन थालेको छ ।

लाखौं रुपैयाँ लगानी गरेर उत्पादन गरेको तरकारी लकडाउनका कारण बजारसम्म आवत-जावतगर्ने समावरी साधन समेत चल्न नसकेर उत्पादीत तरकारी बजारसम्म पुऱ्याउन नपाएपछि बोटमै नष्ट हुन थालेको छ ।

मोरङको कटहरी गाउँपालिका-४ नयाँबजारमा लगाएको टमाटार, काँक्रा, कोबी, बन्धाकोवी, खोर्सानी, लौका, भिण्डी, पड्वल, फर्सी, बैगन, हरियो सागमा गेनहारी, पालक, पटुवालगायतका हरियो तरकारीहरु वोटमै नष्ट हुन थालेको छ ।

खेतमै तरकारी कुहिन थालेपछि लागतभन्दा एकदमै कम मूल्यमा तरकारी बिक्री गर्न उनीहरु बाध्य भएका छन् । उत्पादित तरकारी बजारसम्म पुऱ्याउन सरकारले सहजीकरण नगर्दा लाखौं रुपैयाँ लगानी डुब्ने अवस्था सिर्जना भएको स्थानीय किसान रामुदय सिंहले गुनासो गुनासो गरेका गरेको छ ।

सिंहले ३ बिघा क्षेत्रफलमा टमाटर खेती गरेको छ । टमाटर खेती गर्दा प्रति कट्ठामा २५ देखि ३० हजार रुपैयाँसम्म लगानी भएको उहाँको भनाई छ तर, बजारसम्म पुऱ्याउन नपाउँदा लगानीसमेत डुब्ने अवस्था सिर्जना भएको छ । लकडाउनका कारण नोक्सानी बेहोरेका किसानलाई सरकारले राहत दिनुपर्नेमा सिहको जोड छ । उहाँले जोड दिनुभयो । तरकारी खेतीको बिमाको व्यवस्था नभएकोले सरकारले विमाको व्यवस्था गर्न माग गर्दै सरकारले किसानको जीवनस्तर माथि उठाउने नीति बनाउनु पर्नेमा त्यस्तो गरेकोमा सिहको दुखेसो छ ।

त्यसैगरी गरी सोही ठाउंको अर्का किसान रमेश प्रसाद

सोही गाउंको अर्का किसान किसान रमेशप्रसाद सिंहको समस्या पनि उस्तै छ । बालिको बिमा नहुँदा लकडाउनमा किसानले धेरै ठूलो क्षति व्यहोरेका छन् । मुख्य रुपमा सरकारले बालिको विमा गरेको भए किसानलाई केही कम क्षति हुथ्यो । टमाटर प्रति केजी ५० रुपिया किलोमा बिक्री वितरण हुनु पर्नेमा लकडाउनका कारण यतिबेला प्रतिकलो ५ रुपैयाँमा पनि टमाटर ठूला व्यपारी उठाउन तयार छैन । सिंहको गुनासो छ । यसका लागि सरकारसँग बजार व्यवस्थापन गर्न कृषक सिंहले माग गरेको छ । सिंहल १ बिघा क्षेत्रफलमा टमाटर खेती गर्नुभएको छ । कृषि उत्पादनलाई बजारसम्म निर्वाध रुपमा पुऱ्याउन दिनुको सट्टा सरकारले उल्टै किसानलाई दुःख दिने गरेको उनीहरुको आरोप छ । बजारसम्म तरकारी पुऱ्याउने वातावरण मिलाइदिन तीनै तहको सरकारसँग स्थानीय किसान मन्जयकुमार सिंहले माग रहेको छ ।

उहाँले स्थानीय साहु र बैंकबाट लिएको ऋण समेत तिर्न नसकिने अवस्था आएको बताउदै सरकारले उचित स्वास्थ्य सुरक्षा अपनाएर कृषि उत्पादनलाई बिक्रीवितरणको प्रबन्ध मिलाउन आग्रह समेत गरेका छ । नसकेको अर्का किसान विनोद सिंहले गुनासो गर्नुभयो । टमाटर खेती गर्दा कट्ठामा २५ हजार रुपैयाँ भन्दा बढी लगानी भएको छ तर ५ रुपियां किलो समेत विक्री नहुंदा ऋण कहांवाट तिर्ने उहाँको सरकारसंग प्रश्न छ ।

नयांबजारमा उत्पादित तरकारी फलफूल काठमाडौं, पोखरा, बुटवल, भैरहवालगायतका सहरमा लाने गरिएको थियो । नयाँबजारमा मात्रै १ सय बिघाभन्दा बढी क्षेत्रफलमा टमाटर खेती गरिएको छ । लाखौं लगानी खेर जान नदिन किसानले उत्पादन गरेको तरकारी निर्वाध रुपमा बजारसम्म पुऱ्याउने वातावरण मिलाउने दायित्व सरकारको भएकोले तत्कार सरकारले त्यस तर्फ संघिय सरकार, प्रदेश सरकार र स्थानीय तहाका जनप्रतिनिधीहरुले ध्यान आवश्यक छ ।

## विराटनगर महानगर पालिकाको सूचना

१. घर, पसल, व्यवसायिक प्रतिष्ठान, शिक्षण संस्था आदिबाट दैनिक निस्कने फोहोर विहान ८ बजे भित्र न.पा.को साझेदार संस्था (फोहोर व्यवस्थापन गर्ने संस्था) को साधनमा मात्र हाल्नूहोला ।
२. घरदैलोबाट दैनिक निस्कने फोहोर कागज, प्लाष्टिक, शिसा, फलफुल तथा तरकारीको वोक्रा आदि घरमा छुट्याई व्यवस्थापन गरौं ।
३. घरबाट निस्कने जैविक (कुहिने) फोहोरलाई घरमा नै कम्पोष्ट मल बनाऔं ।
४. आफ्नो घर कम्पाउण्ड भित्र र बाहिरबाट निस्कने झारपात, जंगल, दूबो आदि बाटोमा नफालौं । घर कम्पाउण्डमा नै खाल्डो खनी मल बनाऔ ।
५. फ्रेशहाउस तथा माछा मासू पसल, फलफूल तथा तरकारी लगायत अन्य पसल आदिले गरेको फोहोर व्यवस्थापन आफै गरौ । अन्यथा रु. ५००।- देखि १५०००।- पन्द्र हजार सम्म जरिवाना गरिने छ ।
६. नगरपालिकाको साझेदार संस्था बेष्ट मेनेजमेन्ट ग्रूप नेपाल प्रा.ली. ले घरदैलो कार्यक्रम संचालन गरिरहेको हूँदा साधारण घरले मासिक रु.२००।- (हप्ताको २ पटक संकलन हूने) र रु. ५००।- ( हप्ताको ७ पटक संकलन हूने गरी ) शूल्क तिरेर सदस्यता वनी फोहोरमैला व्यवस्थापन गरौं ।
७. स्वास्थ्य संस्थाबाट निस्कने हानिकारक फोहोर व्यवस्थापन गर्ने दायित्व स्वम् स्वास्थ्य संस्था को नै हूने छ । अन्यथा फोहोरमैला व्यवस्थापन ऐन २०६८ बमोजिम रु. ५०००।- देखि १०००००।- एक लाख सम्म जरिवाना दण्ड जरिवाना गरिने छ ।
८. घरपालूवा चौपाया सूगूर, गाइ, गोरु, रागा, भैंसी ,खसी, बाखा लाई छाडा छोडेमा जरिवाना गरिने छ । पक्रिएको १० दिन सम्म लिन नआएमा लिलाम बिक्री गरिने छ ।
९. निर्माण सामाग्री सडकमा नराखौं, २४ घण्टा भित्र आफ्नो कम्पाउण्डमा राखौं ।
१०. नालामा घरको शौचालयको पाइप जडान गर्नू जघन्य अपराध हो, यदि जडान गरेको भए तूरन्त बन्द गरौं अन्यथा न.पा. ले जारी गरेको फोहोरमैला निष्काशन, संकलन तथा अन्तिम विसर्जन सम्बन्धी निर्देशिका २०६८ बमोजिम ५०००।- देखि १०००००।- एक लाख सम्म दण्ड जरिवाना गरिने छ ।
११. घर कम्पाउण्ड भित्र कम्तिमा ३ वटा विरुवा रोपी हूर्काऔं । जमिन नभए ७ वटा गमलामा फुल रोपी सहरको सौन्दर्यता बढाऔ ।
१२. सके सफा गरौ नसके फोहोर नगरौ ।
१३. निम्न समस्या भए सम्बन्धित ब्यक्तिलाई खवर गरी सहयोग गरौं ।
  १. घरदैलो फोहोर संकलन :- जेवर लाल मण्डल सम्पर्क नं. ९८०२७५४९१८
  २. घर दैलो सेवा शूल्क संकलन :- रमण गौतम सम्पर्क नं. ९८०१३०३६४५
  ३. नाला कलभर्ट सफाई मृत जीवजन्तू, बेवारीसे सव व्यवस्थापन : सिकन्दर मरिक सम्पर्क नं. ९८०१३०३६५८

प्लाष्टिकको झोला प्रयोग नगरौं, जथाभावी फोहर नफालौं, सकेसम्म कम फोहर उत्पादन गरौं

**अन्य समस्या भएमा**

साझेदार संस्था
वेष्ट मेनेजमेन्ट ग्रुप नेपाल र जे.भी
सम्पर्क नं. ९८१३२०७७८८

विराटनगर महानगर पालिका
सम्पर्क नं. ०२१-४६३१००, ०२१-५२३३०

धुम्रपान र मध्यपान आजै देखि त्यागौं र निरोगी रहौं ।

**कोरोना भाइरसबाट बच्न एकमात्र उपाय सामाजिक दुरी कायम गरी घरमै बसौं ।**

## बिराटनगर महानगरपालिकाको अपिल

- नोभेल कोराना (कोभिड १९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेका सबै पसल, उधोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुको लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्नै ।
- नोभेल कोराना (कोभिड १९) भाईरस विरुद्व सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्वार प्रणालिको व्यवस्थापन कार्यमा सहयोग गर्ने ।
- महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सुचना नभएसम्मका लागि स्थगित (बन्द) गर्ने ।

थप जानकारीको लागि: ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक:श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

## सम्पादकीय

# कोरोनाले निम्तियाएको संकट

कोरोना कोभिड-१९ भाइरसले विश्व जगतलाई नयां पाठ सिकाउने भएको छ । जुन पाठ मानव जातिले विर्सिएर आधुनिकतामा रहाई रहेका थिए । उच्च जीवन शैली, भौतिक सुख सुविधा भएको जीवन, शहरमुखी जीवन यी यस्ता विषयलाई प्राथमिकता दिएर आज हामी सम्पुण मानव जातिलाई कोरोनाले संकट पारेको छ । खास गरी आधुनिक युगमा हामी पर निभर हुंदै गई रहेका थियो । आफ्नै देशमा आफूलाई चाहिले बस्तु उत्पादन गर्नमा हिन्ता बोध मानेका थियौ । केही वर्ष पहिने नेपालकै कुरा गर्ने हो भने नेपालको धान भारत, भुटान लगायतका देशमा निर्यात हुन्थ्यो तर अहिले आएर नेपालले नै धान आयात गर्दछ । हाम्रो देशमा भरपुर मात्रमा जडीबुटीहरु रहेको छ तर त्यसलाई प्रशोधन नगरी अन्य देशवाट औषधी झिकाउंछ । हाम्रो देशमा सुन, चांदी, पेट्रोल लगायतको खानी छ तर त्यसलाई प्रयोगमा ल्झाउन सकेका छैनौ । विश्वकै जलस्रोतको धनी देश नेपाल रहेको छ तर नेपालीहरु भारतवाट विद्युत किनेर घरमा वाल्दछ । यी यस्ता विषयमा हामी आत्म निर्भर भएको भए कोरोनाको संकटले देशमा जुन भोकमरीको संकट आउंछ त्यसवाट जोगिन एक मात्र उपाय छ आत्म निर्भर, आत्म निर्भर भए कसै संग हात फैलाउंनु पर्दैन ।

कोरोनाले विश्न नै अहिले लकडाउनका रहेको अवस्था छ । लकडाउनले गर्दा यातायात व्यापार, विजनेश, उद्योग धन्धा, सरकारी कामकारवाही ताथ गैरसरकारी कामकारवही, लगायत विकास निर्माणका सम्पूणकामहरु ठप्प भएको छ जसले गर्दा यसको सिधा असर पर्ने भनेकै अर्थतन्त्रकमा हो । आर्थिक संकट देशमा आएपछि त्यससंग अन्य धेरै संकटहरु आपसे आप आई हाल्छ । आर्थिक संकटले स्वास्थ्य, शिक्षा, विकास लगतका क्षेत्र प्रभावित हुने भएको छ । यस संकटवाट बच्नको लागि दिर्घकालिन रणनिती वनाउन आवश्यक छ । भने समाज र देशलाई आत्म निर्भर वनाउन अति आवश्यक छ । कृषिलाई प्राथमिकतामा राखी सरकारले प्रत्येक परिवारलाई कृषिमा आत्म निर्भर वनाउन योजना ल्याउनु पर्छ । खास गरी हाम्रो जस्ता विकासउन्मुख देशहरु विदेशी रेमिटेनसवपाट चलि रहेको थियो । नेपालको करी ५० लाख मानिस विदेशमा रहेको छ । ती सवै कथनकदाचित सवै देशले फिर्ता पठाएमा नेपाल सरकारले त्यसको व्यवस्थापन कसरी गर्ने भन्ने सोचमा लाग्नु पर्छ ।

कोरोना भाइर खास गरी नेपालमा जतिपनि देखिएको छ सवै प्राय विदेशवाट आएकै वाट भएकोले विदेशवाट आएकाहरुलाई कोरोना परिक्षणको दायरामा ल्याउन पर्छ । विदेशवाट आएकाहरुले पनि देशमा र आफ्नै परिवारमा कोरोना नफैलियोस भनेर आफैपनि कोरोना परिक्षणको दायरामा आउनु पर्छ । खुल्ला सिमाले २ लाख जति मानिस नेपाल भित्रिएको छ । तर परिक्षण भने सुस्त गतिमा भई रहेको छ । जसले गर्दा भुसको आगो जस्तो कोरोना नेपालमा फैलिन सक्ने सम्भावनालाई मध्य नजर गर्दै सरकारले अगामी कदम चल्नु पर्ने पर्छ ।

## साप्ताहिक राशिफल

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ):तपाईका विरोधीहरु परास्त हुनुका साथै मान सम्मान समेत मिल्ने योग रहेको छ। युवकयुवतीहरुका लागि नयां जीवन साथी मिल्ने छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो): आर्थिक पक्ष राम्रो रहेकाले व्यपार व्यवसायीवाट राम्रै लाभ मिल्ने तथा पारिवारिक सुख भ्रमणको योग समेत रहेको छ।**

**मिथुन** (**क,कि,कु,घ,ङ,छ,के,को**,ह) : आफन्त जनसंग खटपट मनमुटाउ गराउंने योग छ। दाम्पत्य तथा प्रेमको विषयमा सामान्य अप्ठ्यारो हुने योग छ।

**कर्कट** (**हि,हु,हे,हो,डा,डि,डु,डे,डो**):मनमा अनावश्यक तर्ककुतर्कले डेरा जमाउने योग देखिन्छ । गरेको काम अरुले काट्न सक्ने देखिएकाले विचार पु-याएर काम गर्नु होला।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)**: विद्यार्थी वर्गका लागि पढाईमा गहिर ो लगाव हुनुका साथै बौद्धिक क्रियाकलापमा सहभागी गराउने योग छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)**: शारिरीक अस्वस्थ्यताका साथै आलस्य बढने योग रहेको छ। नाना तरहका अनावश्क विषयले मानसिक तनाव उत्पन्न गराउने देखिन्छ।

**तुला** (**रा,री,रु,रे,रो,ता,ती,तु,ते**):परिवारिक चिन्ताले सताउने योग रहेको छ । भने उत्तरार्द्धमा सामान्य वादविवादमा पर्न सम्भावना रहेको छ।

**वृश्चिक** (**तो,ना,नि,नू,ने,नो,या,यि,यू**): आर्थिक पक्ष सवल रहेको छ। आत्मबल तथा पराक्रम बढेर जानाले प्रशस्त कार्य सम्पादन गर्ने क्षमता वढ्ने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)**: मेवा मिष्ठान्नका परिकार प्राप्त हुने बेला छ। कृषि तथा कृषिजन्य व्यवसायमा लाभ हुनेछ ।

**मकर** (**भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी**):महिनाको पुर्वाधमा मित्रसहयोग,धनागमन तथा मनोरञ्जनको अवसर मिल्नेछ। भने उत्तरार्धमा मान हानि तथा अपमान आउनसक्ने छ।

**कुम्भ** (**गु,गे,गो,सा,सी,सु,से,सो,द**):सामाजिक कार्यमा सहभागी हुनुका साथै भोजभतेरमा तथा रमाईलो यात्राको सुवर्ण अवसर मिल्ने योग रहेको छ।

**मीन** (**दी,दु,थ,झ,ञ,दे,दो,च,ची**):शत्रुहरुको शिर निहुरिनेछ । भने वाद विवादमा विजय मिल्ने योग रहेको छ। पेट, आंखा तथा सामान्य शारीरिक अस्वस्थता देखापर्नेछ।

# कोरोनावाट कस्ता व्यक्तिमा मृत्युको सम्भावना बढी हुन्छ ?

**आरेम कार्की, डाईटिसियन**

कोरोना लाग्नेवित्तिकै यसले सबैमा एकै तरिकाले असर गर्दैन र मर्ने सम्भावना पनि सबैमा एउटै हुँदैन । दीर्घरोगीहरु जस्तैः मुटुरोग, मधुमेह आदि र मोटोपन भएकाहरुमा कोरोना लागेमा मृत्यु हुने सम्भावना बढी हुन्छ ।

कोरोनाको संक्रमण जो कसैलाई पनि हुन सक्छ तर यसको असर सबैमा उस्तै भने हुँदैन । कोरोनाको असर दीर्घरोगीहरुमा बढी देखिएको छ, जस्तैः मुटु सम्बन्धी रोगहरु ( उच्च रक्तचाप, उच्च कोलेस्ट्रोल, एथेरोस्क्लेरोसिस आदि), मधुमेह, फ्याटि लिभर आदि । यस्ता रोगहरुबाट ग्रसित बिरामीहरुमा बढी अस्पतालमा भर्ना हुनुपर्ने र मृत्यु हुन सक्ने सम्भावना पनि बढी देखिएको छ ।

इटालीमा कोरोना लागेर मृत्यु हुनेहरुको लगभग ९९ प्रतिशत कोरोनाका बिरामीहरुमा पहिले नै कुनै न कुनै रोग थियो। लगभग १ प्रतिशत बिरामीमा मात्र कोरोना बाहेक अन्य कुनै रोग थिएन । लगभग ५० प्रतिशत कोरोनका बिरामीहरुमा ३ वा ३ भन्दा बढी रोग थिए । ७५ प्रतिशतमा उच्च रक्तचाप, ३५ प्रतिशत मधुमेह थियो । धेरैमा मुटु सम्बन्धी रोग पहिलैदेखि थियो ।

चीनमा पनि यस्तै किसिमको रिपोर्ट सार्वजनिक भएको थियो । कोरोनाका बिरामीहरुमा मृत्यु हुन सक्ने सम्भावना मुटुसम्बन्धी रोग लागेकोमा सबैभन्दा बढी १३.२ प्रतिशत, मधुमेहमा ९.२ प्रतिशत, उच्च रक्तचाप भएकोमा ८.४ प्रतिशत, फोक्सोसम्बन्धी रोग लागेकोमा ८ प्रतिशत, क्यान्सर लागेकोमा ७.६ प्रतिशत भने कुनै रोग नलागेकोमा १.४ प्रतिशत मृत्युदर देखिएको छ ।

कोरोनाले फोक्सोमा असर पुर्याउने हो, तर फोक्सोकै रोग लागेका बिरामीभन्दा मुटु रोग, मधुमेह र उच्च रक्तचाप भएका बिरामीको मृत्यु हुने सम्भावना बढी हुन्छ ।

रोग नलागेकोमा भन्दा रोग लागेकोमा कोरोनाको कारणले मृत्यु हुन सक्ने सम्भावना बढेर जाने त भइनै हाल्यो । तर, यसमा बुझ्नु पर्ने कुरा के छ भने कोरोनाले फोक्सोमा असर पुर्याउने हो, तर फोक्सोकै रोग लागेका बिरामीभन्दा मुटु रोग, मधुमेह र उच्च रक्तचाप भएका बिरामीको मृत्यु हुने सम्भावना बढी हुन्छ ।

अमेरिकाको सेन्टर फर डिजिज कन्ट्रोलले मार्च ३१ मा यस्तै किसिमको रिपोर्ट सार्बजनिक गरेको थियो। जसमा दीर्घ रोग भएकाहरुमा कोरोनाको कारणले हुन सक्ने र स्वास्थ्य समस्याको जटिलता बढेर जाने भनेर उल्लेख गरिएको छ । यस्तै रिपोर्ट चीन र इटालीबाट पनि आइसकेको छ ।

७ हजार कोरोना बिरामीमा हेरिएको उक्त रिपोर्टमा निम्न कुराहरु देखिएका थिए ।

कोरोना संक्रमित बिरामीहरुमा सबैभन्दा धेरै रिपोर्ट गरिएका रोगहरु भनेको मधुमेह, मुटुरोग र फोक्सोका रोगहरु हुन् ।

कोरोनाको कारणले अस्पतालमा भर्ना भएकामध्ये ७१ प्रतिशतमा कमसेकम एक रोग अगाडि देखि नै भएको देखिएको छ ।

कोरोनाको कारणले अस्पतालको आईसीयू भर्ना भएका मध्ये ७८ प्रतिशतमा कमसेकम एक रोग अगाडि देखि नै भएको देखिएको छ ।

कोरोनाका बिरामीहरुमा मृत्युको जोखिम बढाउने अर्को महत्वपूर्ण कुरा भनेको मोटोपन हो । क्लिनिकल इन्फेक्सियस डिजिज जर्नलमा पब्लिस भएको आर्टिकलको अनुसार मोटोपन भएका ६० वर्ष तलका बिरामीहरुमा कोरोना लागेमा हस्पिटलमा भर्ना हुनुपर्ने जोखिम दोब्बर भएर जाने साथै अस्पतालको क्रिटिकल केयरमा राख्नुपर्ने जोखिम पनि बढेर जाने देखिएको छ ।

चीनमा कोरोना संक्रमित विरामीमा गरिएको एक अध्ययनमा मोटोपन भएका कोरोना संक्रमित बिरामीमा निमोनिया हुने सम्भावना बढी हुन्छ भनेर उल्लेख गरिएको छ । बैज्ञानिकहरुले कोरोना रोग विश्वभर फैलने क्रम जारी रहने भएकाले चिकित्सकहरुलाई मोटोपन भएको व्यक्तिलाई धेरै ध्यान दिएर उपचार गर्न पनि सल्लाह दिएका छन् ।

चीनमै गरिएको अर्को अध्ययनले कोरोनाको कारणले मर्नेहरुमा ८८.७ प्रतिशत देखाइएको छ । मोटोपन भएता पनि कोरोनाबाट नमर्नेमा १८.९५ प्रतिशत देखाइएको छ ।

दीर्घरोग र मोटोपन भएका व्यक्तिहरुमा मृत्युदर बढी हुनुका वैज्ञानिक कारणहरु

कोरोना लाग्दा बिरामीको मृत्यु कसरी हुन्छ ? कोरोना लाग्दा बिरामीको शरीरमा रोगसँग लड्ने प्रणालीको सक्रियता बढ्छ, जसका कारण शरीरमा साइटोकाइनहरु पनि बढ्छन् । जब यी साइटोकाइनहरु धेरै बढ्छन्र, यसलाई साइटोकाइन स्टोर्म भनिन्छ । साइटोकाइनहरु बढेपछि शरीरमा इन्फ्लामेसन बढ्छ । बिशेष गरेर यो इन्फ्लामेसनले फोक्सोको क्षमता र कार्यमा कमी गराइदिन्छ । यसरी फोक्सोले कार्य गर्न नसकेर बिरामीको मृत्यु हुन्छ । शरीरमा इन्फ्लामेसन बढ्नु नै कोरोनाबाट मृत्यु हुनुको प्रमुख कारण हो ।

दीर्घरोगका कारणले गर्दा कोरोनाबाट मृत्यु हुन सक्ने जोखिम बढ्नुको मुख्य कारण भनेको रोगसँग लड्ने प्रतिरक्षा प्रणाली बिग्रनु हो । दीर्घरोग भएकोमा विशेष गरि यो प्रणाली दुई प्रकारले बिग्रन्छ,

एक - रोगसँग लड्ने प्रतिरक्षा प्रणाली कमजोर हुन्छ ।

दुई - शरीरमा इन्फ्लामेसनको मात्रा बढ्छ ।

कोरोना भएर मृत्यु हुने बिरामीहरुमा इन्फ्लामेसनको मात्रा बढी हुन्छ । कोरोना भाइरसको संक्रमण भइसकेपछि फोक्सोमा इन्फ्लामेसनको मात्रा बढ्छ । जसका कारणले गर्दा फोक्सोले राम्ररी अक्सिजन लिने र कार्बनडाइअक्साइड फ्याल्ने काम गर्न सक्दैन र बिरामीको मृत्यु हुन्छ ।

यो प्रक्रिया अगाडिदेखि नै इन्फ्लामेसन भएका बिरामीहरुमा तीब्र र बढी हुने गर्दछ । मोटोपन, मधुमेह, मुटुरोग जस्ता सबै दीर्घ रोगहरुमा इन्फ्लामेसन र रोगसँग लड्ने प्रणालीमा गडबडी भएको हुन्छ ।

मधुमेहको अर्को असर भनेको रक्तनलीहरुमा क्षति पुर्याउनु पनि हो । जसका कारणले गर्दा फोक्सोको काममा पनि कमी हुन्छ । कोरोनाले पनि फोक्सोमा असर गर्ने भएकाले मधुमेहका बिरामीहरुमा मृत्युको जोखिम अझ बढ्छ ।

मुटुका रोगीहरुमा, मुटुको काम गर्ने क्षमतामा कमी हुन्छ । कोरोनाले फोक्सोमा असर गर्दछ, यसले गर्दा मुटुमा अक्सिजनको मात्रा कम पुग्छ र मुटुमा भार बढ्न गई मुटु झन कमजोर हुन्छ। यसरी मुटुमा परेको भारले मुटुमा मात्र नभइ अन्य अंगहरु जस्तैः मिर्गौला, कलेजो र पुनः फोक्सोमा पनि असर गरी मल्टिअर्ग्यान फेलियर पनि हुन सक्छ । मल्टिअर्ग्यान फेलियर पनि कोरोना लागिसकेपछि बिरामीको मृत्यु हुने कारणमा पर्दछ ।

मोटोपन, यो एक प्रकारको कुपोषण नै हो । सजिलो तरिकाले बुझ्ने हो भने, कुनै पनि कुपोषण हुँदा शरीरको रोगसँग लड्ने क्षमता बिग्रनुका साथै कमी पनि हुन्छ । बोसो बस्ने कोसलाई एडिपोसाइट भनिन्छ । मोटोपनले यी एडिपोसाइटहरुमा विभिन्न किसिमका परिवर्तनहरु ल्याउँछ र प्रतिरक्षा प्रणालीलाई बिगार्छ। मोटोपनले शरीरमा इन्फ्लामेसन बढाउँछ जसका कारणले कोरोनाबाट हुने स्वास्थ्य समस्या झन बढ्छ ।

मोटोपन हुँदा शरीरको प्रतिरक्षा प्रणाली विभिन्न किसिमका मेकानिज्महरुका कारणले गर्दा बिग्रिन्छ । ती हुन् ।

१. इन्फ्लामेसन गराउने लेप्टिनको मात्रा बढ्छ भने इन्फ्लामेसन घटाउने एडिपोनेक्टिनको मात्रा घट्छ ।

२. शरीरमा नन इस्टेरिफाइड फ्याटी एसिडको मात्रा बढ्छ जसले पनि इन्फ्लामेसन गराइदिने काम गर्छ ।

३. पोषक पदार्थको मात्रा बढी हुनाले इन्डोप्लाज्मिक रेटिकुलममा स्ट्रेस बढ्छ ।

४. एडिपोज टिस्युमा हाइपोक्जिया हुने कारणले गर्दा इम्युन कोषहरु एक्टिभेट हुन्छ ।

सबै मोटोपनमा यस किसिमको जोखिम भने हुँदैन । पेटको गोलाई बढी भएको मोटोपन छ भने यस्तो किसिमको खतरा बढेर जान्छ। शरीरको तौल बढी छ, तर पेटमा धेरै बोसो जमेको छैन भने यस किसिमको जोखिम हुँदैन ।

प्राय दीर्घ रोग हुनेमा मोटोपन अगाडिदेखि नै भएको पाइन्छ । मोटोपन नै दीर्घरोगको प्रमुख कारण हो । दीर्घरोग र मोटोपन दुबै एकै व्यक्तिमा भएमा कोरोनाबाट मृत्यु हुन सक्ने सम्भावना अझ बढेर जान्छ । अर्को महत्वपूर्ण कुरा भनेको दीर्घरोगी र मोटोपन भएको व्यक्तिहरुमा भ्याक्सिन लगाउँदा पनि रोगसँग लड्ने

वांकी पेज ५ मा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर महा न.पा. ५२२२३६

### अस्पताल

कोशी अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि. ०२१-५३६९४१, ५२२८७७ एम्बुलेन्स ९८०२७५३७१७, ९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.का. ४३५००१
जिल्ला प्रहरी कार्यालय ५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर ५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली ८०१००/८०१३०
इ.प्र.का. उर्लाबारी ५४०००२
सिमा प्रहरी चौकी ४३५८४०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



## पहिचान, उत्थान आर विकासके लेल मगही भाषा पृष्ठ

# बेटीके विहा आर दहेज एक समस्या

**श्याम सुन्दर सुतिहार**

बास्तवमे कहल जायत दहेज प्रथा एगो समाजिक पारिवारिक अपराध या कलंक हे । दहेज प्रथा के सम्वन्ध मे बहुतो किताव लिखल गेल, देशमे विभिनन किसिमके कानुन भी बनल तौ पर भी देहज प्रथा मे कोना सुधार आवै के सट्टा दिन दिने बढते जा रहल हे । कोनो ऐसन दिन नहय कि पत्रपत्रिका, टेलिभिजन, रेडियो, आर एफ.एम से दहेज के कारण से वेटी, पुतहू, दाय, वहिन सवके पिडित भेल समाचार के प्रसारण नैय हे हय ।

पत्रपत्रिका, रेडियो टेलिभिजन मे समाचार छायपके, बोइल के दहेज प्रथाके परम्परागत रोग मे कोनो किसिमके कमी न आय हे । जब तक हम सव अपने दहेज प्रथाके विपक्षमे समाजक रुप से रोकै वाला प्रयास नय हेत, जनचेतना जगवै वाला काम नय हेयत, तव तक समाजमे रहल दहेज प्रथाके पुरनका मानसिकता नै बदलत । दहेज प्रथा नैय बदलैय के कारण समाज परम्परागत रुप से परेशान रहवे करतै ।

यी समाजिक परम्परागत (अपराध)दहेज(तिलक) प्रथा के कारण भविष्यमे कैयसन नतिजा हेयत वकर वारेमे जानल बहुत जरुरी हे । दहेज प्रथा समाजके कलंक है यी वात अनपढ से पढल विद्धान लोक सव कोई जानैत होइते पर अपन- अपन वेटा-बेटीके विहामे दहेज (तिलक) लिय दियवला का करै हे । दहेज (तिलक) प्रथाके वारेमे हम सव बुईझ के भी बुईझ पचावै के काम भे रहल हे । अपन सव के समाज मे दहेज प्रथा एगो रोग है एकर प्रचार प्रसार के कमी होय के कारण समाजके मध्यम वर्गके लोग सव बहुत परेशान हे ।

उच्च वर्ग या निम्न वर्ग के लोग सवके खासे फरक नहियो पडत कायले कि उच्च वर्गके साथ मे पैसा हे । वहिना निम्न वर्गके लोग सवके समाज के कोना प्रवाह न हे लेकिन मध्यम वर्गके लोग समाज कि कहत ?, समाज के व्यक्ति सव कि अल्छना लगायत डिर से दिन दिने वरवाद भे रहल हे ।

अपन सवके समाज मे जे दिन से घर मे वेटी के जन होय हे वही दिन से बेटी घर के बोझ सम्भल जाय हे । समाज मे बेटी के हिन भावना से देखल जाय हे । वेटी केतनोह सुन्दर, शुशील, तेज बुद्धि भल पर भी समाज मे अपन प्रतिभा देखावैके लेल, अपन समाजिक परिवारिक जिममेवारी पूरा करैके लेल मौका नय देत हे । बेटी सव के भित्तर रहल कोनो भी प्रतिभा परदा के भित्तर, साउस ससुर के टाईङ्गके निचे दाईके राखल जाय हे । पिछडा वर्ग के समाजमे वेटी सवके पढावैल नय चाहत है । कोई कोई पढावके लेल चाहत त एस एल सी तक वढावै है । वहिना अफवाद मे उच्च शिक्षा वढै हे । खास कर के समाजके सोचाई ऐसन हे कि शादी विवाह बरावरी वाला के हैसियत से करावै वढत लेकिन दहेज के डिमाण्ड के ध्यान मे राखैत वेटी के विहा अपन हैसिय से कम भेल घरमे विहा करावैत हे । माय वापके दुलार वेटी दोसरा के घरमे दुःख पावै है आर अपन जिनगी वितावैल मजबुर रह हे । एकेगो माय बाप के कोख से जन्मल बेटा श्रीसम्पतिके मालिक भ जाय हे । लेकिन वेटी गरीब बैन के सोसराइरमे गोवर उठवैवाल वैन जाय हे । कोनो माय आर वाप अपन वेटी विहा करै के लेल बरावर वाला हैसियत भेल घरमे विहा कराव के लेल अपन श्री सम्पति बेचक वेटा वला के डिमाण्ड पुरा कर पडै हे ।

बेटावाला के डिमाण्ड पुरा करैत करैत वेटीके वाप कंगाल भ जाय हे । विहा के समय वेटा वाला डिमान्ड नहियो करत लेकिन वादमे वेटीके वाप से दहेज मागै मे कोना कमी नैराखत । ओकरे से अपन सव के समाजमे एगो काहवत हे बेटी दमाद के त सव दिन कुछ न कुछ दिहै पडत । अगर वेटा वालाके माग अनुसार वेटीवाला पुरा नै करवाक कारण सव दिन सव दिन वेटी के दुख कष्टके जीवन विताउके लेल वाध्य भ जाय हे । ओतवे मात्र नय सास ससुर के गाली गलौच करत ओकरो से इच्चा पुरा नय भेल त घर से निकालैवाल धम्की, वेटाके दोसर विहा करवाक धम्की, पुतहु के मारे वाला धम्की, आइग लगागे मारैवाला धम्कीके घटना सव टिभी, रेडियो आर पत्रपत्रिका सवमे सव दिन पढैल आर सुनै ल पावै हे । अपन सवके समाज के दिन प्रति दिन सन्तुलन विगडते जा रहल हे । बेटी के जन्म से माय, वाप, परिवार आर समाजके लेल दहेज(तिलक) अभिषाप हो जाय हे ।

यहे दहेज (तिलक) लिय वाला आर दियवाला कारण से दोनो परिवारके परिवारिक आर समाजिक सुख, शान्ति, अमनचयन, प्रतिष्ठा मे कमी आवै हे । जे विहाके दिन से पवित्र सम्वन्ध के सुरुवात होय हे । ओहे दिन प्रतिदिन विग्रैत जाय हे । अन्त मे वेटा वालाके माग पुरा नै भेल के कारण पुतहु के अपन पति छाडा देत हे दुख तकलीफ दैत मारपिट सोहो करत हे, नदीमे धकेल देत हे, आईग लगा देत हे, विष खायल वाध्य करै हे । और वेटी जीवन सव दिन के लेले समाप्त कर देत हे ।

वास्तवमे केना समाजिक न्याय हे । ऐसन समाजिक न्याय प्रणाली के कैयल माने पडत ? ऐसन प्रथा के विरोधमे हम सबके अजाव उठावै पडत । एगो सोचैवाला वात हे दहेज तिलक जयसन कुप्रथाके विरोध मे वेटीवाला आवाज उठायत त समाज ओकर मजाक मे लेत । बेटीके दहेज नय दक बहाना नाटक करै हे । ओकरा नीच भावना से समाकि बहिष्कार कर सक हे । लेकिन वेटावाला सव दहेज जयसन कुप्रथाके विरोध करत त समाजमे एकर विरोध करैवाला कोइ नै रहत कयल कि वेटीवाला खुशी भेल के कारण विरोध के सवाले नै हे । दहेज तिलक से फाईदा हुवै वाला वेटावाला सव दहेज के विरोध मे अवाज उठायल जाय त कुछ हद तक दहेज तिलक जयसन कुप्रथा के रोकै मे समाज सफल हो सकै हे । आर धीरे धीर दहेज प्रथा वन्द हेते जायत । एगो आश्चर्य के वात एहो हय कि वेटी के विहा के समयमे सव मानत लेकिन वहे सव वेटा के विहा मे दहेज लेवके लेल सवसे अगाडी रहत । गाय, भैस जयसज वेटोके मोल तोल करत हे ।

यी सव कारण से एगो सुझाव सोहो देव कि कानुन के नजर मे वेटा हे या वेटी माय आर वाप के सम्पति मे दोनो के हक बरावर होवाक चाहि । वेटा अपन घरमे वैठक अपन सम्पति भोग चलन करत हे लेकिन वेटी अपन ससुरायर मे सम्पतिके भोग चलन नै करत हे । ओकरे खातिर वेटा वेटी के वरावर अंश दियौ आर दहेज प्रथाके अन्त करै मे सव लागु और विवाह जैसन पवित्र वन्धन से जुटल दोनो परिवार सव दिन के ले दोनो घर मे सुख शान्ति कायम रहत ।



**बेटा बेटी दोनो बराबर है ।
तै स बेटा बेटीमे भेदभाव नै कैरके
दो के स्कुल भेजु ।**

## मगही भाषा के कविता

### गारजियन करैया एक्सरसाईज

छोटे स विद्यार्थी सबके देख रहलछी
बइगेल सबके साइज ।
विद्यार्थी त अपने भितरमे मुदा,
गार्जिएन करैय बाहमे एक्सरसाइज-२
परिक्षके देखते विद्यार्थी सबके
लगैय पुरा प्रश्न हाई ।
चिट लजाइमे समस्झा बुझाइय,
टाइट हया मुदा गार्ड-२
प्रश्न हल करके सट्टा ऊ सब
माथपर हाथ राइख गल्तीके करै रिलायज ।
पिरीष आब टाइट होत,
गार्जीयनके भगेल रिलाइज-२
बेटा, बेटीके पढावमे आत्र निक स
गाइड करपतै साइद ।
ऐनहन आब कर्म नै करब,
छोइर देब बाहरके एक्सरसाईज-२

**फुलगेन महतो**

**सुचना सुचना सुचना**

१४

**बाल यौन दुर्व्यवहार जोकसैबाट जहां पनि हुन सक्छ । त्यसैले, सावधानी अपनाऔं, बालबालिकाका कुरा सुनौं, बाल यौनदुर्व्यवहार अन्त्य गर्नसक्रिय बनौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधी मन्त्रालय
सूचना तथा प्रशारण विभाग

**खुल्यो ! खुल्यो !! खुल्यो !!!**

**सम्पूर्ण विशेषज्ञ सेवा सुविधाको साथमा वर्षै भरी डाईविटीज र प्रेसरको निःशुल्क जाँच गर्ने विराटनगरको घोघापुल चौक विराटनगर-९ मा २०७६ साल असोज १ देखि जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि. संचालन ल्याएको सहर्ष जानकारी गराउँदछौं ।**

विशेषज्ञ सेवाहरु :- फिजिसियन तथा कार्डियोलोजि सेवा, हार्ड जोड्नी तथा नशा र बाथ रोग, नवजात शिशु तथा बालरोग, प्रसुती तथा स्त्री रोग, नाक, कान तथा घाँटी रोग, दन्त तथा मुख रोग,छाला कुष्ठ तथा यौन रोग, फिजियोथेरापी, मानसिक तथा नशा रोग, किड्नी पत्थरी तथा मुत्र रोग, आइ.सी.यू , एन.आइ. सी.यू, पि आइ.सी.यू, भेनटिलेटर, एक्सरे, अल्ट्रासाउण्ड, सर्जरी, इन्डोस्कोपी, टि.एम.टी, इकोकार्डियोग्राफी, होल्टर, इ.सी.जी.,ई.ई.जि., समान्य स्वास्थ्य परिक्षण र मधुमेहको परामर्श सेवा उपलब्ध छ ।

**जनरल हस्पिटल एण्ड ट्रमा केयर सेन्टर प्रा.लि.** सम्पर्क : ०२१-४४०४०६०

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# खुल्ला सिमाको फाईदा उठाउँदै नेपाल प्रवेश

पदम कुमार सरदार

छिमेकी मुलुक भारतमा कोरोना भाइरस (कोभिड-१९)का कारण ज्यान गुमाउनेको संख्या बढ्दै जान थालेपछि सीमा क्षेत्रमा बसोबास गर्ने नेपालीहरु त्रसित भएका छन् । अझ खुल्ला सीमानाको फाइदा उठाउँदै दैनिक सयौंको संख्यामा भारतबाट नेपाल प्रवेश गर्न थालेपछि मोरङका सीमावर्ती क्षेत्रमा बसोबास गर्ने स्थानीय बासीमा त्रास फैलिएको छ

यतिबेला सडकमा अत्यावश्यक बाहेकका सवारी साधन देखिँदैनन् भने हिंड्डुल गर्ने सर्वसाधारणसमेत कमै देखिन्छन् । मोरङको मझारे, डुमरीया, नोचा, तरिगा नोचा, अमाही वरियाती, सोराभाग चोप्राह, सिकटी, लगायतका नाकामा पनि दिउँसो बाटो सुनसान देखिन्छ । तर, भारतका विभिन्न ठाउँबाट आएका नेपालीहरु प्रहरीलाई छल्दै यिनै नाकामा रहेका मकैबारी हुँदै दिनहुँ सयौंको संख्यामा नेपाल प्रवेश गरि रहेका छन् ।

भारतबाट आएकाहरुको नेपाल प्रवेशले सिमा क्षेत्रमा बस्ने सबै नागरिकहरु कोरोना भाइरसको संक्रमण हुने हो कि भनेर त्रसित छन् । सिमा नजिक रहेको मकैखेतीबाट लुक्दै दैनिक दुई सयभन्दा बढी मानिसहरु आउने गरेको जहदास्थित सार्वजनिक माध्यामिक विद्यालयका शिक्षक अजय सिहंको भनाई छ ।

बुद्धनगर, नोचा, तरिगमा लगायतका सिमा नाकामा मकैखेती रहेकाले भारतबाट आउनेहरुलाई सहज भएको छ । खुल्ला नाकाहरुबाट लुकीछिपी नेपाल आउने भएकाले अझ सुरक्षाकर्मीहरुको आवश्यक रहेको उहाँको भनाइ रहेको छ । मोरङमा मात्रै भारतसँग ६३ किलोमिटर सीमा जोडिएको छ । मुख्य नाकामा सुरक्षाकर्मीको उपस्थिति भए पनि भित्री नाकाहरुमा नहुँदा भारतबाट खुलेआम नेपाल प्रवेश गरिरहेका छन् । सरकारले कोरोना भाइरसको संक्रमण फैलिन नदिन भारतसँगको सीमा नाका बन्द गर्नुका साथै मुलुकलाई लकडाउन गरेको छ । सीमा क्षेत्रबाट नेपाल प्रवेश गर्ने क्रम नरोकिएपछि स्थानीय चिन्तित बनेका छन् । कोराना संक्रमितले छोएका वस्तुबाट समेत कोरोना सर्छ भन्ने थाहा पाएका उनीहरु यतिबेला त्रसित बनेका छन् ।

यसरी प्रवेश गर्नेहरुलाई रोक्न स्थानीय आफैं सक्रिय हुन थालेका छन् । सुरक्षाकर्मीहरुसँग सहकार्य गरेर निगरानी बढाएको स्थानीय युवा नितेश साहको भनाई छ ।

भारतका विभिन्न सहरमा काम गरेर स्वदेश फर्किने मात्रै होइन सामान ओसार्नेको पनि आवत-जावत हुने गरेको छ । उनीहरु रातिको समयमा बढी आवतजावत गर्ने गरेको नोचाका स्थानीय कैलाश मण्डलले जानकारी गराएको छ ।

मझारे, डुमरिया, नोचा, तरिगमालगायतका खुला सिमा नाकाहरुबाट दैनिक जसो लुकीछिपी प्रवेश गर्दा कोरोना भाइरसको संक्रमण फैलिन सक्ने सम्भावना बढेको छ । खुल्ला सिमा नाकामा भइरहेको प्रवेशलाई रोक्न स्थानीय निकायहरुले ध्यान दिन जरुरी रहेको छ ।

प्रदेश नं. १ मा अतिआवश्यक स्वास्थ्य सामग्रीहरुका विवरण :

| सि.नं. | विवरण | इकाई | ज.प्राप्ती | ज.निकासी | मौज्दात |
|---|---|---|---|---|---|
| 1. | PPE Set | Set | 1128 | 984 | 144 |
| 2. | IR Thermometer | Pcs | 237 | 147 | 90 |
| 3. | Mask | Pcs | 74600 | 67880 | 6720 |
| 4. | Examination Gloves | Pcs | 110000 | 74326 | 35674 |
| 5. | Hand Sanitizer | Pcs | 2594 | 2284 | 310 |
| 6. | PPE Gown | Psc | 5255 | 2313 | 2942 |
| 7. | Nebulizer | Pcs | 40 | 20 | 20 |
| 8. | Sergical Gloves | Pcs | 800 | 100 | 700 |
| 9. | Shoes Cover | Pcs | 2820 | 702 | 2118 |
| 10. | Cap | Pcs | 1400 | 215 | 1185 |
| 11. | Sodium Hypochlorite Soln | Jar | 4 | 3 | 1 |
| 12. | N95 Mask | Pcs | 4710 | 1967 | 2743 |
| 13. | Pulse Oxymeter | Pcs | 21 | 20 | 1 |
| 14. | Chlorine Powder | Kg | 300 | 30 | 270 |
| 15. | Face Shield | Pcs | 247 | 262 | 165 |
| 16.. | BP Set | Pcs | 1 | 0 | 1 |
| 17. | Senitizer Solution 50 Ltr | Jar | 40 | 10 | 30 |
| 18. | Sprayer Pump | Pcs | 8 | 6 | 2 |
| 19. | Gumboot | Pcs | 300 | 0 | 300 |
| 20. | Apron | Pcs | 90 | 0 | 90 |
| 21. | goggles | Pcs | 1710 | 300 | 1410 |
| 22. | Hand Sanitizer 100ML | Pcs | 55 | 45 | 10 |

## सब्जीको थोक बजार संचालनमा

विराटनगर । लकडाउनको अवधिमा गद्री बजारमा भीडभाड बढेपछि केही दिन देखि बन्द रहेको गुद्री बजार पुन : संचालनमा ल्याएको छ ।

विराटनगर महानगर पालिका वडा नं. १५ जनपथटोलस्थित बगैचा नजिकैको क्षेत्रमा संचालनमा रहेको सब्जी बजारमा बढी भीडभाडलाई बजार संचालक पक्षले नियन्त्रण र ब्यवस्थितगर्ने प्रतिबद्धता जनाएपछि प्रशासनले थोक विक्रेताको लागि गुद्री संचालनको अनुमति दिएको दिएको छ ।

जिल्ला प्रशासन कार्यालय मोरंगल गुद्रीमा भीडभाड बढेको भन्दै बैशाख ३ गते देखि तरकारी विक्री वितरणमा पुर्णरुपले रोक लगाएको थियो । केही दिनदेखि गुद्री बजारमा सांग, सब्जी, आलु, प्याज लगायतका तरकारी जन्य बस्तु पुर्णरुपले बिक्री वितरण बन्द भएपछि ब्यापारीले भण्डारण गरेको हरियो सागसब्जी पसलमै कुहिएर फाल्नुपरेको गुनासो ब्यापारीहरुले गर्दै आएका थिए ।सागसब्जी उपभोक्ताको दैनिक आवश्यकता भएको र ब्यापारीहरु समेत मर्कामा परेपछि बैशाख ८ गते स्थानिय प्रहरी प्रशासन, विराटनगर महानगर पालिका सहित विभिन्न राजनितिक दलका प्रतिनिधि र ब्यापारीहरु बीच बजार संचालन गर्ने बिषयक सर्वपक्षिय छलफल भएको थियो । सो छलफलमा मोरङका प्रमुख जिल्ला अधिकारी मदन भुजेल र मोरङका प्रहरी प्रमुख एसपी विश्व अधिकारीले विगतमा लकडाउनको मर्म विपरीत अन्यन्त्रित भीडभाड देखिएको तथा त्यसलाई ब्यापारीहरुले ब्यवस्थितगर्न नसकेका कारण बजार बन्द गर्नुपरेको बताउँदै आउंदा दिनमा ब्यापारीहरुले त्यसबिषयमा सचेत भएर बजार संचालन गर्नुपर्ने आग्रह समेत गरेका थिए ।

त्यसैले सर्वपक्षिय छलफल बसी त्यहाँबाट थोक बजार मात्र संचालन गर्ने तथा खुद्रालाई निषेध गर्ने निर्णय गरेपछि गुद्री बजार संचालनमा आएको थियो ।विराटनगर महानगर पालिकाका १९ वटै वडामा टेम्पोहरु मार्फत सुपथ मुल्यमा सब्जी खुद्रा विक्री वितरणका लागि पठाउने लगायतका निर्णय भएको थियो । त्यसकालागि आवश्यकपर्ने पास महानगरपालिकाको सिफारिसमा जिल्ला प्रशासन कार्यालयले उपलब्ध गराउने निर्णय समेत गरेको थियो ।

सब्जी ब्यापारीहरुका तर्फबाट संचालक समितिका अध्यक्ष पशुपति भगतले भएका निर्णयहरु पुर्णरुपले पालना गरिने प्रतिबद्धता ब्यक्त गरेका थिए । उक्त बजारमा हाल रहेका १ सय ब्यापारीमध्ये २२ जना थोक ब्यापारी छन । यसअघि गुद्रीबजारमा संचालन हुँदै आएको सब्जीको थोक तथा खुद्रा बजार चैत २३ गते विराटनगरका मुख्य बजारमा रहेका गुद्री सो ठाँउमा सरेको थियो ।

वेबसाईट, होस्टिङ, अनलाईन रेडियो, एस.एम. एस. तथा एस.एम. एस. भोटिङका साथै सफ्टवेयर एप्स चाहिएमा हामीलाई सम्झनुहोस ।
सम्पर्कः
Websoft IT Nepal Pvt. Ltd.
Biratnagar, Morang
www.websoftitnepal.com
9842278940

१. प्रदेश नं. १ मा कोरोनाको संक्रमितलाई व्यवस्थापनको लागि वनाएको क्वारेन्टाईन, आइसोलेशन र आसीयू संख्या :

| सि.नं. | विवरण | स्थान संख्या | | | वेड संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | हिजोसम्म | आजको | जम्मा | हिजोसम्म | आजको | जम्मा |
| १. | QUARANTINE को वेड संख्या | २७६ | १ | २७७ | ४९०८ | ६४ | ४९७२ |
| २. | ISOLATION वेड संख्या | ५३ | ० | ५३ | ४४९ | ० | ४४९ |
| ३. | ICU वेड संख्या | ४ | ० | ४ | ४४ | ० | ४४ |

२. प्रदेश नं. १ को क्वारेन्टाईन, आइसोलेशन, आसीयू र होम क्वारेन्टाईन रहेको व्यक्तिको :



| सि.नं. | विवरण | हाल सम्मको संख्या | | | डिस्चार्ज भएको संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १. | QUARANTINE मा बसेको सख्यां | १२९ | १०७५ | १२०४ | ७ | ७ | १४ |
| २. | ISOLATION वेडमा बसेको संख्या | २ | २९ | ३१ | ० | ० | ० |
| ३. | ICU वेडमा बसेको संख्या | ० | ० | ० | ० | ० | ० |
| ४ | HOMEQUARANTINE बसेको | १००३ | ४७१२ | ५७१५ | ० | ० | ० |

३. प्रदेश नं. १ मा COVID नमूना संकलन तथा परिक्षण (CPR) को विवरण

| सि.नं. | विवरण | हाल सम्मको संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १. | परिक्षणको लागि पठाईएको संख्या | २४५ | ६६९ | ९१४ |
| २. | पोजेटिभ देखिएको संख्या | २ | २८ | ३० |
| ३. | नेगेटिभ देखिएको संख्या | ११० | ५८९ | ६९९ |

४. प्रदेश नं. १ मा COVID नमूना संकलन तथा परिक्षण (RDT) को विवरण

| सि.नं. | विवरण | हाल सम्मको संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १. | परिक्षणको लागि पठाईएको संख्या | ७०७ | ३५९१ | ४२९८ |
| २. | पोजेटिभ देखिएको संख्या | ५ | ५ | १० |
| ३. | नेगेटिभ देखिएको संख्या | ७०२ | ३५८६ | ४२८८ |

'तपाई हाम्रो सचेतता, कोरोना भाइरस रोगको संक्रमण रोक्न अपनाऔं सतर्कता'
कोरोना भाइरस कोभिड-१९ रोग स्वासप्रश्वासको माध्यमबाट सर्ने संक्रमण हो ।
संक्रमित व्यक्तिले खोक्दा र हाछ्यू गर्दा निस्कने थुक र सिगानको माध्यमबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा यो भाइरस सर्दछ ।


जनहितका लागि प्रदेश १ सरकारको सन्देश

Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# कोभिड-१९ र असमानताको विश्वव्यापी आयाम

## वेचन कुमार महतो

कोभिड-१९ को विश्वव्यापी महामारीले २०२० विश्वमा विकास हराएको वर्ष हुनेमा प्राय : निश्चित नै छ । हाम्रो भौगोलिक अवस्थिति, कामको अवस्था, उमेर, वर्ग स्थिति, लिङ्ग, जातीयता, स्वास्थ्य सेवाहरुको उपलब्धतालगायत सम्बन्धित अन्य कारक तत्वहरुको दायरामा कोभिड-१९ ले आफ्नो प्रभाव देखाएको छ । वर्तमानमा कोभिड-१९ अर्थात कोरोनाभाईरसको प्रकोपले हाम्रो सामाजिक, आर्थिक, सांस्कृतिक, ज्ञान, वातावरणीय र राजनीतिक असमानताहरूलाई वढाएको यथार्थमा दुईमत भने छैन ।

हामी अझै कोभिड-१९ को सुरुवाती दिनहरू मै छौं । यसको कारण श्रृजित हुन सक्ने नाजुक अवस्था र कम आर्थिक वृद्धि दरका भयावह अवस्थाहरुलाई पछिल्ला दिनहरुले प्रमाणित गर्ला नै । समग्रमा २०२० विश्वव्यापी रुपमै विकास हराएको वर्ष हुनेमा शंका छ जस्तो लाग्दैन । उपलब्ध प्रारम्भिक प्रतिवेदनहरुलाई विश्लेषण गर्दा यस भाइरस ग्रस्त देशहरूमा संचालित विकासका कार्यक्रमहरू माया त अवरोध श्रृजना भएको छ वा विकासको गतिलाई सुस्त पारेको छ । अधिकांश प्रभावित देशहरूमा आवागमनमा प्रतिबन्ध लगाइएको छ र यसले सीधै कामदारहरुको परिचालन र कार्यक्रमहरूको कार्यान्वयनमा असर पुऱ्याएको देखिन्छ ।

यात्रा प्रतिबन्ध र आपूर्ति श्रृंखलाका कठिनाइहरू, औषधिहरू र स्वास्थ्य कर्मचारीहरूको लागि व्यक्तिगत सुरक्षात्मक उपकरणहरूको अभावले गर्दा प्रभावित देशहरुको अवस्था दिनानु दिन जटिल बन्दै गएको छ । यस महामारीको कारण खाद्य मूल्य बढ्ने बढी सम्भावना रहेको छ । यसै त विश्वव्यापी आर्थिक मन्दी र अस्थिर मुद्रा विनिमय दरले विकासोन्मुख देशहरूको लागि बाह्य सहायता प्रवाहको तहमा असर परि रहेको वर्तमान अवस्थामा कोभिड-१९ को महामारीले झन् आगोमा घ्यू थप्ने कार्य गरेको छ ।

प्रभावितलक्षित समुह र नकारात्मक प्रतिकुलता

कोरोना भाईरसको विश्वव्यापी महामारी नियन्त्रणको लागि ब्रम्हास्त्रको रुपमा लिइएको लकडाउनको कारण तत्कालीन रुपमा स्कुल तथा विश्वविद्यालयका विद्यार्थीहरु बढि मात्रामा प्रभावित भएका छन् । विश्वभरका लाखौ करोडौ विद्यार्थीहरूले शिक्षाका अवसरहरू गुमाउँदैछन । समुदायमा कोरोना भाइरस सर्न थाल्दा अन्य स्वास्थ्य सेवाहरू असन्तुलित भएका छन् । यसले न केवल कोभिड-१९ का बिरामीहरूको हेरचाह गर्न सक्ने देशहरूको आन्तरिक क्षमतालाई प्रभाव पारेको छ बल्की स्वास्थ्य सेवाका सम्पूर्ण क्षेत्रहरुलाई नराम्ररी प्रभावित बनाएको छ । यदि जनसंख्याको ठूलो अंश बिरामी परी आफ्ना आफन्तहरूबाट हेरचाह आवश्यक ठहरने अवस्था आएमा पारिवारिक, व्यवसायिक तथा राष्ट्रिय अर्थव्यवस्थाको उत्पादकत्व घट्नेमा कुनै शंका नरहला ।

बुझ्नु पर्ने कुरो के हो भने कोभिड-१९ विश्वव्यापी स्वास्थ्य र मानवीय संकटमात्र नभई यो बृहत्तर सामाजिक, आर्थिक र राजनीतिक संकट पनि हो । कोभिड-१९ को विश्वव्यापी महामारी नियन्त्रणको लागि प्रभावकारी खोप वा उपचार प्रणालीको विकास नभएसम्म विकासका सबै क्षेत्र र कार्यक्रमहरूले गम्भीर अवरोध तथा ढिलाइहरूको सामना गर्नु पर्ने नै हुन्छ । आपतकालीन स्वास्थ्य र मानवीयपक्षको उचित सम्बोधनको लागि तत्कालै व्यवस्थापकीय तयारी थालनु पर्ने हुन्छ । कोभिड-१९ महामारीको नियन्त्रण र उपचारको लागि सबैले साझा दायित्व महसुस गरी सामुहिक प्रयास नगरे यसको प्रकोपबाट कोहि पनि बच्न नसक्ने तथा दिगो विकास लक्ष्यहरू समेत प्रभावित हुनेमा विश्वस्त हुनु जरुरी छ ।

दीर्घकालीन र मध्यकालीन प्रभावहरु

अन्यसंकटहरु सँग सँगै, कोभिड-१९ महामारीको कारण राष्ट्रिय तथा अन्तराष्ट्रिय आय र लैंगिक विषयक भेदभाव र असमानताहरू बढ्न सक्छन् । यस अघिका महामारीबाट हामीलाई के थाहा छ भने यस्ता किसिमका महामारीबाट स्वास्थ्य सेवामा सिमित पहुँच हुने सबैभन्दा गरिब र सबैभन्दा कमजोर समूहहरू (जस्तै शरणार्थीहरू र कमजोर सरसफाइ र खानेपानीको संकुचित परिस्थितिमा बस्ने वर्गहरु) उच्च जोखिममा हुने गर्दछन् । धेरैको लागि सामाजिक दूरी र घर क्वारेन्टाइनको अभ्यास असम्भव हुन सक्दछ किनभने हामी जस्तो विकासोन्मुख देशहरूमा अधिकांश कामदारहरू अनौपचारिक क्षेत्रमा कार्यरत हुने गर्दछन र सीमित बचत क्षमताका हुने गर्दछन् ।

सामाजिक सुरक्षाको नेटवर्क बिना तिनीहरूलाई कामबाट बाहिर हुन गाह्रो हुन्छ र तिनीहरू आफैं भाइरसको उच्च जोखिममा पर्ने सम्भावना रही रहन्छ । विश्व बैंकको अनुमान अनुसार प्रत्येक वर्ष विश्वभरीमा १०० करोड मानिसहरु यस्ता विनाशकारी महामारीले गर्दा अप्रत्याशित स्वास्थ्य खर्चको कारण चरम गरीबीमा फस्ने गर्दछन । कोभिड-१९ को कारण यो संख्या अझ बढ्न सक्ने देखिन्छ ।

संचार र ज्ञानको साझेदारी

यो सही हो कि इबोलाजस्ता महामारीहरूसँग प्रभावकारी रुपमा लड्न सक्ने अनुभव भएको विकासोन्मुख देशहरू तुलनात्मक रुपमा केहीहद सम्मकोभिड-१९को लागि तयार छन् । मौजुदा इबोला स्क्रीनिंग प्रणालीले एयरपोर्ट र सीमानाकामा कोरोना भाइरस रोगको लागि छिटो स्क्रिन गर्न अनुमति दिएको छ । केही अफ्रिकन राष्ट्रहरु आफै कोभिड-१९को परिक्षण ागर्न सक्ने हैसियतमा छन् ।

यस्ता देशहरूमा पहिलेदेखि अवस्थित गम्भीर प्रकृतिका रोगहरुको लागी आवश्यक आईसोलेसन कक्ष र उपचार पूर्वाधारहरुको प्रवन्धले गर्दा कोभिड-१९ को उपचारको लागि केही सहजता महसुस भएको छ । इबोला र अन्य महामारी नियन्त्रणका अनुभवहरूले भ्रष्टाचार र भेदभाव न्यूनीकरणको सन्दर्भमा राष्ट्रिय तथा स्थानीय सरकार उपर जनताको विश्वास पनि कायम भएको देखिन्छ । विश्वस्त संचार माध्यमहरुले जनस्वास्थ्य शिक्षा र सञ्चारको आवश्यकता माथि प्रकाश पार्ने गरेको छ ।

राष्ट्रिय स्तरमा भएका ज्ञान र सिकाई तथा सो को अन्तराष्ट्रिय अदान प्रदान कोभिड नियन्त्रणको प्रभाकारी अस्त्र हुन सक्दछ । विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) जस्ता बहुपक्षीयविज्ञ संगठनहरूले नेसनल अथोरिटीलाई सल्लाह दिन महत्वपूर्ण भूमिका खेल्ने गरेका छन् ।

अनुसंधानकर्ताहरु, व्यवसायीहरू र मिडियाहरुले पनि अन्तरदृष्टि र जानकारी साझेदारी गर्न योगदान गर्ने गर्दछन् । यद्यपि, देशको आन्तरिक प्राथमिकता र महामारी विरुद्धको जनमत देशै पिछे फरक हुन सक्लान तर कोभिड-१९ विरुद्धको राष्ट्रिय तयारी र प्रासंगिक सूचनाको सम्प्रेशन तथा अन्तर्राष्ट्रिय स्तरमा ज्ञानको साझेदारी समय मै गर्न आवश्यक देखिन्छ ।

### कोरोना...

एन्टिबडी शरीरले स्वस्थ व्यक्तिको तुलनामा कम निकाल्छ ।

अहिले त कोरोनाको भ्याक्सिन बनेको छैन् । तर, बनेर लगाइहालेमा पनि अरु स्वस्थ मानिसको जस्तै यस्ता व्यक्तिहरु रोगसँग लड्न सक्दैनन् ।

बच्चाहरु कोरोनाका कारणले त्यति मृत्यु भएको पाइएको छैन । थाहा भएकै कुरा हो, उमेर बड्दै जाँदा कोरोनाबाट मृत्यु हुन सक्ने सम्भावना पनि बढ्दै जान्छ । यस कुरामा पनि के बुझ्न जरुरी छ भने, उमेर बढी भएका मानिसहरुमा दीर्घ रोग, जस्तै - मधुमेह, मुटु रोगहरु बढी हुन्छन् । रोगसँग लड्ने क्षमताको कमीले भन्दा पनि मोटोपन र दीर्घ रोगहरुले रोगसँग लड्ने क्षमतामा पुर्‍याएको क्षतिका कारणले गर्दा कोरोना लागेका ज्येष्ठ नागरिकहरुमा मृत्यु हुने जोखिम बढी हुन्छ ।

साइटोकाइन स्टोर्म बच्चाहरुमा नहुने कारणले इन्फ्लामेसन कम हुन्छ । तर, ज्येष्ठ नागरिकहरुमा बढी हुने हुँदा इन्फ्लामेसनको कारणले मृत्युको जोखिम बढी हुन्छ ।

कोरोनाको त्रास संसारभरि नै छ । कोरोना ढिलोचाँडो एक दिन हराएर जान्छ, चाहे त्यो भ्याक्सिन बनेर होस् कि औषधि बनेर होस् । अथवा हर्ड इम्युनिटीबाट होस। तर, यस्तो किसिमको सरुवा रोग वर्षैपिच्छे संसारमा आइरहन्छन । चाहे त्यो सार्स होस् वा इबोला । संसारभर वा संसारका कुनै देशमा भएका केही महामारीहरु, २०१२ - मर्स, २०१३ - इबोला, २०१३/२०१५- चिकेनगुनिया, २०१५ - इन्फ्लुएन्जा ए भाइरस, २०१५/२०१६ - जिका भाइरस, २०१७ - सिजनल इन्फ्लुइन्जा, २०१८ - निपा भाइरस, २०१८ - इबोला र २०१९ - कोरोना ( कोभिड(१९))। प्राय : सबै महामारीमा दीर्घ रोग र मोटोपन भएका मानिसहरु चाहीँ सधै जोखिममा हुन्छन् ।

अहिले संसारभरि नै सबैभन्दा धेरै मानिसहरुको मृत्यु हुने कारण भनेको दीर्घरोग नै हो । कोरोनाका कारणले दिनमा कति मानिसहरुको मृत्यु भैरहेको छ, प्रायः सबैलाई जानकारी हुन्छ । तर, तथ्यांक हेर्ने हो भने कोरोनाकोबाट मृत्यु हुने संख्या दीर्घरोगहरुको तुलनामा नगन्य छ ।

